कपिलवस्तु जिल्लाको ओदारीमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# व्यवसायिक बाख्रापालन तालिम सम्पन्न




निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड शाखा कार्यालय ओदारी, कपिलवस्तुले ३५ जना ग्राहक सदस्यहरूको सहभागितामा २०७८ मंसिर ०१ गतेदेखि ०३ गतेसम्म कपिलवस्तु जिल्लाको ओदारीमा **"व्यवसायिक बाख्रा पालन तालिम"** सम्पन्न गरेको संस्थाका ओदारी शाखा कार्यालयका शाखा प्रमुख श्री शुशिल गौतमले जानकारी गराएका थिए । लुम्बिनी प्रदेश पर्यटन तथा शहरी विकाश राज्यमन्त्री माननिय रिना नेपालको प्रमुख आतिथ्यता तथा बाणगंगा नगरपालिकाका कार्यकारी अधिकृत श्री बासुदेब खनाल, निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड क्षेत्रीय कार्यालय भैरहवाका क्षेत्रीय प्रमुख श्री शम्भु न्यौपाने, बाणगंगा न.पा. वडा नं. ११ का वडा अध्यक्ष श्री सोमनाथ आर्यालको आतिथ्यतामा कायक्रम शुभारम्भ गरिएको थियो । उक्त तालिमलाई भेटेनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्रका डा. उत्तम आचार्य, डा. गणेश पुन र पशु सेवाका श्री राज किशोर तिवारीले प्रशिक्षण दिएका थिए ।

कार्यक्रममा प्रमुख अतिथि रिना नेपालले संस्थाले लघुवित्त सेवाको साथसाथै सदस्यहरूलाई सिप तथा उद्यमशीलता विकाश तालिम दिई व्यवसायी बनाई रोजगारी र आयआर्जनमा बृद्धि गर्न सहयोग पुऱ्याएकोमा खुशि व्यक्त गर्नु भएको थियो । बाणगंगा नगरपालिकाका कार्यकारी अधिकृत श्री बासुदेब खनालले लक्षित वर्गमा वित्तीय सेवा नभई महिला सशक्तीकरणमा लघुवित्त कार्यक्रम प्रभावकारी रहेको बताउँनु भएको थियो । क्षेत्रीय प्रमुख श्री शम्भु न्यौपानेले परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिईरहेको र संस्थाबाट कर्जा लिई व्यवसाय गरी लघुउद्यमीबाट साना उद्यमीमा रूपान्तरण भएको बताउँनु भएको थियो । उक्त तालिममा पशुपालक ४ जना कृषकहरूलाई प्रमुख अतिथिबाट पशु बिमा क्षतिपुर्ति समेत हस्तातरण गरिएको थियो ।

तालिममा बाख्रा पालन व्यवसाय एक परिचय, नेपालमा बाख्रा पालनको आवश्यकता, महत्व र वर्तमान स्थिती, बाख्राका बिभिन्न जातहरूको जानकारी, बाख्राको खोर निर्माण, ब्रिडिङ सम्बन्धी जानकारी, स्वास्थ्य सम्बन्धी

Copyright © 2021, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

जानकारी, पाठापाठी हुर्काउने तरिका, रोगी तथा निरोगी बाखाको पहिचान, बाखामा लाग्ने रोगहरू (परजिवि जिबाणु र मेटावोलिक), बाखामा आहारको महत्व (सन्तुलित आहार बनाउने तरिका, हरियो घास व्यवस्थापन), गर्भिणी तथा सुत्केरी माउ बाखाको स्याहार, स्थानीय श्रोत साधन प्रयोग गरी उन्नत खोर निर्माण गर्ने तरिका र खोरमा हावा, ताप, प्रकाश, आर्द्रताको महत्व, सोत्तरको महत्व एवम् सोत्तरको लागि प्रयोग गरिने वस्तुहरू, परिजिविहरूको नियन्त्रण साथै खोप कार्यक्रमबारे जानकारी, स्थानीय बाखा पालनको महत्व, कमि, कमजोरी, संरक्षण तथा विकास, बजार व्यवस्थापन सम्बन्धमा प्रशिक्षकरूले सहजिकरण गरेका थिए ।

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड देशको ७७ वटै जिल्लाहरूमा शाखा सञ्जाल रहेको लघुवित्त वित्तीय संस्था हो । संस्थाले १८१ वटा शाखा कार्यालयहरू, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालय मार्फत करिव ४ लाख लघुउद्यमीहरूलाई लघुवित्त सेवा प्रदान गरिरहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित पिछडिएका विपन्न परिवारका महिलाहरूलाई समूहमा आवद्ध गराई विना धितो र बयस्क सदस्यलाई लघुउद्यम कर्जा लगानी गर्ने, ग्राहक सदस्यहरूलाई सुत्केरी स्याहार खर्च, प्राकृतिक प्रकोप आगलागि, बाढी, पहिरो, भुकम्प, हावाहुरी प्रभावित ग्राहक सदस्यहरूलाई आर्थिक अनुदान/राहात, ग्राहक सदस्य, ग्राहक सदस्यका पति छोराछोरीलाई गम्भीर प्रकृतिका रोग लागेमा आर्थिक अनुदान/राहात, सदस्यलाई पाठेघरको शल्यक्रिया गरेको अवस्थामा आर्थिक अनुदान/राहात र ऋणी सदस्य तथा संरक्षक (पति) को मृत्यु हुँदा आर्थिक सहायता उपलब्ध गराई ऋणको अतिभारबाट मुक्त गराउँदै आएको छ । साथै संस्थाले सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, वित्तीय साक्षरता, व्यवसायिक साक्षरता र सचेतनामूलक कार्यक्रमहरू संचालन गर्दै ग्राहक सदस्यहरूको आर्थिक, शैक्षिक, सामाजिक, वौद्धिक विकासमा टेवा पुऱ्याउंदै आएको छ ।

तालिमको अन्त्यमा सहभागी श्री ताहिरा खातुनले मन्तब्य राखेको थिइन् । व्यवसायिकरूपमा बाखा पालन गरी आम्दानी वृद्धि गर्न तालिमले हौसला प्रदान गरेको र तालिममा सिकेका विषयहरूलाई व्यवसायमा प्रयोग गरि व्यवस्थित र आधुनिक तरिकाले व्यवसाय सञ्चालन गर्ने सहभागीहरूले प्रतिवद्धता जनाएका थिए ।

Copyright © 2021, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 